# राष्ट्रिय सूचना आयोग

त्रिपुरेश्वर, काठमाडौं

प.सं. २०८०।८१
च.नं. १४२

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं. ३३२
दर्ता मिति: ०८१।७।८

मिति: २०८१।०७।०४

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- १५०४
दर्ता मिति:- ७/५

श्रीमान् सचिवज्यू
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

विषय :- निर्णय कार्यान्वयन सम्वन्धमा ।

उपरोक्त विषयमा राष्ट्रिय सूचना आयोगले द एसिया फाउन्डेशनको सहयोगमा मधेश प्रदेश र लुम्बिनी प्रदेशका चारवटा जिल्ला (सिराहा, रौटहट, कपिलवस्तु, नवलपरासी पश्चिम) छनौट गरी सूचनाको हक सम्वन्धी ऐन, २०६४ नियमावली २०६५ र सूचनाको हक कार्यान्वयन अनुगमन निर्देशिका, २०७६ को प्रावधान बमोजिम सूचनाको हक कार्यान्वयनको स्थिति के कस्तो रहेको छ भन्ने सम्वन्धमा आरटिआई अडिट सम्पन्न गरेपश्चातको प्रतिवेदन आयोगलाई प्राप्त भएको छ ।

उक्त प्रतिवेदनको अध्ययन तथा विश्लेषण र प्राप्त सुझावहरुको मूल्याङ्कन गर्दा सूचनाको हकको कार्यान्वयन अध्ययन गरिएका स्थानीय तहहरुमा सूचनाको हकको कार्यान्वयनको अवस्था केही सन्तोषजनक देखिएता पनि धेरै विषयमा थप प्रयास गर्नुपर्ने देखिन्छ । स्थानीय तहमा पहिलो पटक गरिएको यस अध्ययनले सूचनाको हक कार्यान्वयमा रहेका कमी कमजोरी तथा समस्याका विषयमा विस्तृत रुपमा अध्ययन गरेको पाइन्छ । प्रतिवेदन अध्ययन र छलफल पश्चात् सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिम गर्न गराउन सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवमार्फत निर्देशन दिने भनी आयोगको मिति २०८१।०६।१६ को बैठकबाट निर्णय भएको हुँदा निर्णय कार्यान्वयनको लागि सादर अनुरोध गर्दछु ।

देहाय

क) सूचना अधिकारी अनिवार्य रुपमा तोक्ने र सूचना अधिकारी तोक्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४(क) को व्यवस्था बमोजिम मात्र गर्ने गराउने ।

ख) सूचना मागको अवस्थालाई ध्यानमा राखी आवश्यकता भएमा सूचना शाखाको व्यवस्था गर्ने गराउने ।

ग) सूचना अधिकारीलाई सार्वजनिक निकायमा भएका सूचनामा सहज पहुँच तथा सहयोग गर्ने गराउने व्यवस्था गर्नु पर्ने । साथै सूचना अधिकारीलाई स्रोत साधन सम्पन्न बनाउने ।

घ) सूचनाको हकको कार्यान्वयका लागि प्रत्येक स्थानीय तहले सूचनाको हकसम्बन्धी बजेट तथा कार्यक्रम अनिवार्य रुपमा प्रत्येक वर्ष राख्ने ।

ङ) सूचना अधिकारीलाई सार्वजनिक निकायमा प्राप्त हुने वैदेशिक भ्रमण, तालिम, पुरस्कार जस्ता विषयमा प्राथमिकतामा राख्ने ।

फोन नं. : ४४६४४१२/४४९६५४४
ईमेल : info@nic.gov.np

# राष्ट्रिय सूचना आयोग

त्रिपुरेश्वर, काठमाडौं

२०६५

प.सं. २०८०।८१
च.नं. १४२

मिति: २०८१।०७।०४

च) सूचनाको हक कार्यान्वयनका लागि राम्रो अभिलेख व्यवस्थापन हुन आवश्यक हुने भएकोले सूचना प्रविधिमा आधारित अभिलेख व्यवस्थापन प्रणाली अबलम्बन गर्ने गराउने ।

छ) स्थानीय तहको नीति, कार्यक्रम तथा बजेटमा सूचनाको हकको कार्यान्वयनलाई समावेश गर्ने गराउने ।

ज) स्थानीय तह आबद्ध तथा अन्तर्गत थुप्रै सार्वजनिक निकायहरु रहने हुँदा सबै सार्वजनिक निकायमा सूचनाको हक कार्यान्वयन गर्न गराउन निर्देशन दिनुका साथै तालिम, प्रशिक्षण, छलफलको व्यवस्था गर्ने गराउने ।

झ) सूचनाको हक सम्बन्धी कानूनले तोकेका व्यवस्थाहरु सबै कार्यान्वयन गर्ने गराउने ।

ञ) सूचनाको माग सम्बन्धी अभिलेख राखी प्रगति जिल्ला स्तरीय अनुगमन इकाई र आयोगमा पठाउने ।

(कमल प्रसाद भट्टराई)
सचिव

फोन नं. : ४४६४४१२/४४९६५४४ ईमेल : info@nic.gov.np